# जयपृथ्वी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
चैनपुर,बझाङ
सुदूरपश्चिम प्रदेश,नेपाल

पत्र संख्याः २०७८/०७९
च.नः

**कर्मचारी आवश्यकता सम्बन्धि सुचना**
प्रथम पटक प्रकाशित मिति : २०७८/०७/१६

संयूक्त राष्टसंघिय जनसंख्या कोष (युएनएफपिए) र आईपास नेपालसँगको सम्भौतामा मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र (सीएमसी) नेपाल लगायत अन्य संस्थाहरुको साझेदारी र जयपृथ्वी नगरपालिकासंगको सहकार्यमा "लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य परियोजना" सञ्चालनका लागि परियोजनाका साझेदार संस्थाहरू र यस जयपृथ्वी नगरपालिका, बझाङ्ग बीच भएको सम्भौता बमोजिम यस नगरपालिकाका सबै वडाहरुमा उक्त कार्यक्रम सञ्चालन हुने भएको हुँदा यस नगरपालिका अन्तरगत रही कार्य गर्ने गरी निम्न पदहरूमा करार सेवामा पदपुर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १० दिनभित्र जयपृथ्वी नगरपालिकाको कार्यालयमा कार्यालय समय भित्र दरखास्त दिनहुन यो सूचना प्रकाशन गरिएको छ ।

**बिज्ञापन नं. १।०७८।०७९-पदः सामुदायिक मनोसामाजिक संयोजक – १ जना (महिला)**

**शैक्षिक योग्यताः** प्रविणता प्रमाणपत्र वा १०+२ उत्तीर्ण गरी मनोपरामर्शको तालिम लिई कम्तीमा पनि २ वर्षको अनुभव भएको

**उमेरः** २० वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

**अनुभव तथा वाञ्छनीय योग्यताः**

- सामुदायिक मनोसामाजिक कार्यकर्ताहरुको सुपरिवेक्षण तथा समन्वयको कामको अनुभव भएको ।
- लैङ्गिक हिंसा र प्रतिकार्यको क्षेत्रमा काम गरेको अनुभव भएको ।
- प्रभावित व्यक्तिहरुको लागि मनोपरामर्श सेवामा काम गरेको अनुभव भएकोलाई विशेष ग्राहयता दिईनेछ ।
- मनोसामाजिक क्रियाकलापको प्रतिवेदन लेखन तथा घटना अभिलेखको अनुभव भएको ।
- मनोसामाजिक समस्या भएका केशहरुको प्रेषण तथा अनुगमनको अनुभव भएको ।
- टिमसंग मिलेर काम गर्न सक्ने, विभिन्न वडामा कार्यरत मनोसामाजिक कार्यकर्ताहरुसंग संयोजन गर्नसक्ने ।
- अन्तरव्यक्ति सञ्चार तथा नेतृत्व सीप भएको ।
- पालिकाका निर्वाचित जनप्रतिनिधिहरु, कर्मचारीहरु लगायत अन्य सरोकारवाला संघसंस्थाहरुसंग समन्वय गरी काम गर्न सक्ने क्षमता भएको ।
- स्थानीय तथा राष्ट्रियस्तरमा लैङ्गिक हिंसा सम्वन्धि जानकार तथा यस्ता हिंसाबाट प्रभावितको मनोसामाजिक सहयोगको आवश्यकता तथा सहयोगको प्रकृयावारे राम्रो जानकारी भएको ।
- इमेल, इन्टरनेट, MS Word, MS Excel तथा Power Point मा जानकार तथा प्रयोग गर्ने सीप भएको ।
- दलित, जनजाती, अल्पसंख्यक तथा सीमान्तकृत स्थानीयलाई विशेष ग्राह्यता दिइनेछ ।

**छनौट परिक्षाः** लिखित तथा अन्तरबार्ता

**बिज्ञापन नं. २।०७८।०७९- पदः सामुदायिक मनोसामाजिक कार्यकर्ता : ५ जना (महिला)** - वडा नं. १, ३, ७, ९, ११ का लागि

**शैक्षिक योग्यता :** एसईई वा सो सरह उत्तीर्ण गरेको ।

**उमेरः** २० वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

**अनुभव एवं वाञ्छनीय योग्यताः**

- समुदायमा मनोसामाजिक कार्यकर्ता वा सामाजिक कार्यकर्ताको रुपमा काम गरी अनुभव प्राप्त गरेकालाई प्राथमिकता दिईनेछ ।
- समुदायमा निहित लैङ्गिक हिंसा न्यूनीकरण तथा रोकथाममा काम गर्न रुची राख्ने ।

२०७८/०७/१६
नि.प्रमुख प्रशासकिय अधिकृत

फ्याक्स/फोन नः ०९२-४२१०६४ E-mail: [illegible]@gmail.com Website: www.jayaprithvimun.gov.np

Scanned by CamScanner

जयपृथ्वी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चैनपुर,बझाङ
सुदूरपश्चिम प्रदेश,नेपाल

पत्र संख्या: २०७८/०७९
च.नः

- एक जना सामुदायिक मनोसामाजिक कार्यकर्ताले एउटा वडा भरी गतिविधिहरु सञ्चालन गर्नुपर्ने भएकोले उम्मेदवार सम्वन्धित वडाको हुनुपर्नेछ । सम्बन्धित वडामा योग्य उम्मेदवार नआएमा भौगोगिक सहजताका आधारमा सँगैको वडाका सक्षम उम्मेदवार आएमा पनि छनौट गर्न सकिने छ र विवाहित महिला उम्मेदवारलाई प्राथमिकता दिईनेछ ।
- आफुले गरेको कामको प्रतिवेदन वनाउने अनुभव भएको ।
- दिइएको उत्तरदायित्व राम्रोसंग वहन गर्न कटिवद्ध रहने ।
- स्पष्ट रुपले सञ्चार गर्न सक्ने र आवश्यकता अनुसार गोपनियता कायम गर्ने क्षमता भएको ।
- प्रतिस्पर्धा एवं अप्ठ्यारो परिस्थितिमा सहयोग गर्न रुची राख्ने ।
- स्थानीय स्तरमा क्लव, किशोरी समुह, महिला समूह तथा सञ्जाल, आमा समूह, महिला स्वास्थ्य स्वयंसेविका, अपाङ्गताको क्षेत्रमा काम गर्ने संस्था, स्वास्थ्य संस्था तथा वडामा स्थानीय सरकार तथा अन्य गैर सरकारी संस्थावाट सञ्चालन भएका अन्य कार्यक्रमसँग समन्वय गर्न सक्ने ।
- उत्सुक एवं नयां विषयवस्तु सिक्न ईच्छा भएकालाई विशेष प्राथमिकता दिइने ।
- दलित, जनजाती, अल्पसंख्यक तथा सीमान्तकृत समुदायका उम्मेदवारहरुलाई विशेष ग्राह्यता दिइनेछ ।

**छनौट परिक्षा:** अन्तरवार्ता मात्रै

बिज्ञापन नं. ३।०७८।०७९-पद: **मामला व्यवस्थापक: २ जना (महिला)**

**शैक्षिक योग्यता:** स्नातक तह उर्तिर्ण गरी कम्तिमा छ महिने मनोपरामर्शको तालिम लिएको वा प्रविणता प्रमाणपत्र वा प्लस टु उत्तीर्ण गरी मनोपरामर्शमा ६ महिनाको तालिम लिई कम्तीमा पनि १ वर्षको अनुभव भएको वा कम्तीमा प्रविणता प्रमाणपत्र वा १०+२ उर्तिण गरी मानसिक स्वास्थ्य वा मनोसामाजिक सहयोगको क्षेत्रमा ३ वर्षको कार्य अनुभव भएको ।

**उमेर :** २० वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

**कामको मूख्य जिम्मेवारी:**

- लैङ्गिक हिंसा प्रभावित व्यक्तिहरुलाई बझाङ्ग अस्पताल संचालित एकद्वार संकट व्यवस्थापन केन्द्र मार्फत स्वास्थ्य उपचार, कानुनी सहयोग, सुरक्षित आवास, मनोपरामर्श सेवा लगायत अन्य आवश्यकीय सेवा प्रदान गर्ने काममा सम्वन्धित निकायहरुसँग आवश्यक समन्वय गरी सहयोग गर्ने ।
- लैङ्गिक हिंसाको कारणले मनोसामाजिक समस्या भएका व्यक्ति तथा परिवारका सदस्यलाई एकद्धार संकट व्यवस्थापन केन्द्र तथा आवश्यकता अनुसार समुदायस्तरमा नै गएर मनोपरामर्श सेवा उपलब्ध गराउने ।
- सी.एम.सी नेपालले सञ्चालन गर्ने तालिम तथा मनोसामाजिक विज्ञद्धारा जिल्लामा गरिने सुपरभिजन कार्यक्रममा अनिवार्य सहभागी भई मनोसामाजिक सहयोग तथा मनोपरामर्शको वारेमा ज्ञान, सीप सिकी लैङ्गिक हिंसा पीडित तथा प्रभावितहरुमा देखापर्न सक्ने मनोसामाजिक समस्याहरुमा प्रभावकारी मनोपरामर्श सेवा दिने ।
- लैङ्गिक हिंसावाट पीडितमा देखिएको मनोसामाजिक तथा मानसिक समस्या एकद्धार संकट व्यवस्थापन केन्द्रवाट मात्रै सम्भव नभएमा बझाङ्ग जिल्ला अस्पतालमा उपलब्ध हुने मानसिक रोग विशेषज्ञको सेवाको लागि पीडित तथा प्रभावित व्यक्तिहरुलाई प्रेषण गर्ने ।
- पहिचान गरिएको केशको बिस्तृत मनोसामाजिक आयामहरु समेटी पूर्ण केश विश्लेषण तयार गर्ने र विस्तृत केश फाईल वनाएर उक्त अभिलेख एकद्धार संकट व्यवस्थापन केन्द्रमा सुरक्षित ढंगले राख्ने । यस्तो केन्द्रवाट उपलब्ध गराईएको सवै खालको सेवा र मनोपरामर्श सेवाको विवरण नियमित हिसावले सी.एम.सी. नेपाल र यू.एन.एफ.पी.ए.को अन्य साझेदार संस्थालाई आवश्यकता अनुसार उपलब्ध गराउने ।

२०७८/०६/१४
नि.प्रमुख प्रशासकिय अधिकृत

फ्याक्स/फोन नः ०९२-४२१०६४ E-mail: jpmunicipality2014@gmail.com Website: www.jayaprithvimun.gov.np

Scanned by CamScanner

जयपृथ्वी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चैनपुर,बझाङ
सुदूरपश्चिम प्रदेश,नेपाल


पत्र संख्याः २०७८/०७९
च.नः

**अनुभव एवं वाञ्छनीय योग्यताः**

- कम्तीमा पनि १२ कक्षा उत्तीर्ण गरी मनोपरामर्श तथा मनोसामाजिक क्षेत्रमा तालिम, सुपरिवेक्षण गर्ने दक्षता राखेको संस्थाहरुवाट कम्तिमा ६ महिनाको मनोपरामर्श तालिम लिएको हुनुपर्ने छ ।
- मनोपरामर्शमा PGD वा मनोविज्ञान मनोपरामर्शमा स्नातक गरेकोले प्राथमिकता दिईने छ ।
- कम्तिमा २ वर्ष मनोसामाजिक सहयोगको क्षेत्रमा समुदायमा काम गरेको हुनुपर्नेछ । मनोपरामशकर्ता भई लैङ्गिक तथा घरेलु हिंसा प्रभावित महिलाहरुलाई मनोसामाजिक सहयोग पुर्‍याउने काममा सहयोग गरेकालाई प्राथमिकता दिईने छ ।
- मामला व्यवस्थापनमा कार्य गरेको अनुभव भएकोलाई प्राथमिकता दिईने छ ।
- प्रतिवेदन लेखन, तथ्यांक/जानकारी संकलन, संचार, संयोजनको आवश्यक सीप भएको ।
- आफुले मनोपरामर्श सेवा दिएका सेवाग्राहीहरुको केस फाईल, सेसन नोट लगायत अन्य सम्पूर्ण जानकारीहरु संकलन गरी ती विवरणहरु गोपनियताका साथ राख्ने सीप भएको ।
- स्थानीय सरकार, एकद्वार संकट व्यवस्थापन केन्द्र, सुरक्षावास सञ्चालन गरेका संस्था तथा अन्य सहयोगी संघसंस्थाहरुसँग कार्यगत सम्वन्ध राख्न सक्ने हुनुपर्ने ।
- स्थानीय र विवाहित महिला उम्मेदवारलाई प्राथमिकता दिईनेछ ।

**छनौट परिक्षाः** लिखित तथा अन्तरवार्ता

पेश गर्नुपर्ने आवश्यक प्रमाणपत्रहरूः

- नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि तथा विवाहित भए विवाह दर्ताको प्रमाणपत्रको प्रतिलिपि १, १ थान ।
- न्यूनतम शैक्षिक योग्यताको प्रतिलिपि १ थान ।
- वाञ्छनीय योग्यता, तालिम तथा अनुभवका प्रतिलिपि १ थान ।
- दरखास्त दिन चाहेको पदको निवेदन
- व्यक्तिगत विवरण (वायोडाटा)

**परिक्षा विषयवस्तुः** लैगिक हिंसा, मानसिक स्वास्थ्य, मनोसामाजिक परामर्श सेवा तथा समसामयिक सवाल । योग्यता पुगेका ईच्छुक उम्मेदवारले यो सूचना प्रकाशित भएको मितिले १० दिनभित्र (उक्तदिन बिदा परेमा त्यसको भोलिपल्ट) जयपृथ्वी नगरपालिकाको कार्यालय समय भित्र निवेदन, व्यक्तिगत विवरण (बायोडाटा) साथै तालिम तथा अनुभवको प्रमाणपत्र सहित आवश्यक कागजाज सहित निम्न ठेगानामा वुझाउन वा ईमेल गर्न यो सुचना जारी गरिएको छ ।

**कार्यालयः** जयपृथ्वी नगरकार्यपालिकाको महिला शाखा

**सम्पर्क फोन नं.**: ०९२ ४२१०६४/९८४८४७३७२७ **ईमेलः** jpmunicipality2014@gmail.com

**पुनश्चः** छोटो सुचीमा परेका उम्मेदवारलाई मात्रै लिखित तथा अन्तरवार्तामा सहभागी गराईनेछ । परिक्षा र अन्तरवार्ताबाट उमेदवार छनौट अन्तिम निर्णय परिक्षा समिति निर्णय नै अन्तिम हुनेछ ।

२०७८/०६/१६
नि.प्रमुख प्रशासकिय अधिकृत

लाल बहादुर खाती
नि.प्रमुख प्रशासकीय अधिकृत
२०७८/०६/१६



Scanned by CamScanner